अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी

सम्पर्क नं ९८५७६८३८१०
इमेल: ito.annamun@gmail.com
वेब:annapurnamunmyagdi.gov.np
G- Plus Code: FJJV+JH Sikha

प.स. - ०८१/८२ (शिक्षा युवा तथा खेलकुद शाखा)
च.नं.- ३१

गण्डकी प्रदेश, नेपाल

मितिः २०८१/६/०८

ने.सं- ११४४ ञलागा, ७ मंगलबार

श्री सबै सामुदायिक सिकाई केन्द्र

अन्नपूर्ण गाउँपालिका, म्याग्दी ।

विषयः कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयको सम्बन्धमा चालु आ.ब.२०८१/८२ को स्वीकृत बार्षिक सशर्त कार्यक्रम शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा क्रियाकलाप अन्तर्गत सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान उपक्रियाकलाप बापत परिचालकको पारिश्रमिक बाहेक प्रति सामुदायिक सिकाइ केन्द्र कार्यक्रम सञ्चालनका लागि रु. १,७०,००० (अक्षरुपी एक लाख सत्तरी हजार रुपैया) एकमुष्ठ प्राप्त भएको हुँदा प्राप्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्र नभएको नजिकको छिमेकी वडाका नागरिकहरु समेत लाभान्वित हुने गरी सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय र वडाको सिफारिस सहित देहायको प्रमाणित कागजात र तोकिए बमोजिमको ढाँचामा आवश्यक कार्यक्रमको प्रस्ताव तयार गरी सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र यस शाखामा आइपुग्ने गरी कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः पेश गर्नुपर्ने कागजातहरु**

१. साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम पास गरेको निर्णय प्रतिलिपि -१
२. साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्च रकम स्वीकृत गरेको निर्णय प्रतिलिपि -१
३. शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) प्रयोग गरी नियमित रुपमा गत बर्षका कार्यक्रम विवरण अद्यावधिक गरेको देखिने प्रमाणित विवरण प्रतिलिपि -१
४. कार्यक्रम पेश गर्ने सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिको निर्णय सहित प्रस्ताव -१
५. वडाको सिफारिस र कार्यक्रम प्रस्ताव पेश गरिएको कभर पत्र -१

गणेश बहादुर कटुवाल
शिक्षा अधिकृत

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं ९८५७६८३८१०
इमेल: ito.annamun@gmail.com
बेब:annapurnamunmyagdi.gov.np
G- Plus Code: FJJV+JH Sikha


प.स. - ०८१/८२ (शिक्षा युवा तथा खेलकुद शाखा)
च.नं.- ४५

## कार्यक्रम प्रस्तावको ढाँचा

१. **संस्थाको परिचय विवरणः**

क. (संस्थाको उदेश्य, अनुमति प्राप्त मिति, हालसम्म गरेका संक्षिप्त कामहरुको विवरण)

ख. संस्थाको अद्यावधिक विवरणसम्बन्धि रुजुसूचीः

| क्र.स. | विवरण | भए/नभएको वा गरे/नगरेको | भए सोको विवरण र मिति |
|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन निर्देशिका, २०७८ बमोजिम नयाँ ब्यवस्थापन समितिको गठन | | |
| २ | बार्षिक साधारण सभा | | |
| ३ | साधारण सभाबाट बजेट तथा कार्यक्रम पास/स्वीकृत | | |
| ४ | सभा/समितिबाट गत आर्थिक बर्षको खर्च स्वीकृति | | |
| ५ | लेखापरीक्षण प्रतिवेदन पेश | | |
| ६ | शैक्षिक सूचना ब्यवस्थाप प्रणाली (NFE EMIS) | | |

२. **कार्यक्रम विवरणः**

**क.** कार्यक्रमको नामः

**ख.** कार्यक्रमको किसिमः सिपमूलक/आयमूलक/क्षमता विकास/चेतनामूलक आदी।

**ग.** कार्यक्रमको पृष्ठभूमि (आवश्यकता/औचित्यसमेत)

**घ.** कार्यक्रमको उदेश्यः

**ङ.** सम्पादन गर्नुपर्ने मुख्य मुख्य कामहरुः

**च.** कार्यक्रमबाट प्राप्त हुने उपलब्धिः

**छ.** कार्यक्रम सम्पन्न गर्ने कार्ययोजनाः

| क्र.स. | क्रियाकलाप | कार्यान्वयन विधि (प्रक्रिया) | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |

**ज.** प्रस्तावित बजेटः

**झ.** लागत अनुमानः (कार्यक्रमको विभिन्न शिर्षक, उपशिर्षकका लागि आवश्यक रकम खुलाउने)

| क्र.स. | विवरण | इकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**ञ.** संस्थाको आन्तरिक स्रोतबाट वा अन्य निकायबाट स्रोत ब्यहोर्ने वा थप गर्ने भए सो रकम समेत खुलाउने

**संस्थाको तर्फबाट**

नामः.................................. पदः..............................

**संस्थाको छाँप**

... बहादुर कटुवाल